Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Financial Position

As of 31st Ashwin 2082 (Corresponding to 17th Oct 2025)

(Figures in '000')

Particulars	This Quarter 31.06.2082 (2025.10.17)	Year Ended 32.03.2082 (2025.07.16)	Corresponding Quarter 30.06.2081 (2024.10.16)
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment's	12,529,373.89	12,669,868.18	3,203,401.69
Project Capital Work in Progress	-	-	9,520,804.80
Term Deposit			
Total Non-Current Assets	**12,529,373.89**	**12,669,868.18**	**12,724,206.49**
Current Assets			
Inventories	103,288.44	104,689.69	29,929.04
Prepayments	1,940.97	6,202.22	1,893.40
Financial Assets:			
Advances to Contractors and Consultants	12,059.79	55,365.45	58,804.32
Deposits and Margin	1,487.77	2,777.22	1,569.50
Current Tax Assets	11,230.27	11,130.62	11,907.34
Term Deposits with Banks	270.00	270.00	270.00
Trade Receivables	369,588.56	334,676.82	37,366.16
Other Financial Asssets	37,415.53	32,353.79	61,010.76
Bank Balances Call and Current	97,762.10	29,738.75	99,432.08
Total Current Assets	**635,043.43**	**577,204.56**	**302,182.60**
TOTAL ASSETS	**13,164,417.32**	**13,247,072.74**	**13,026,389.10**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,650,000.00
Other Equity(Reserve & Surplus)	(528,277.91)	(680,590.78)	(451,194.66)
Total Equity	**3,121,722.09**	**2,969,409.22**	**3,198,805.34**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings	8,944,602.86	9,101,625.64	9,192,899

सान्जेन जलविद्युत कम्पनी लि. ESTD2010 SANJEN JALAVIDHYUT CO.LTD.

Other Non-current Liabilities	195,638.58	256,668.46	258,062
Total Non-Current Liabilities	**9,140,241.43**	**9,358,294.10**	**9,450,960.92**
Current Liabilities			
Provisions	17,799.17	14,815.07	14,495.34
Financial Liabilities:			
Borrowings	850,000.00	850,000.00	330,000.00
Other Financial Liabilities and Payables	34,654.63	54,554.35	32,127.49
Total Current Liabilities	**902,453.80**	**919,369.43**	**376,622.83**
TOTAL EQUITY AND LIABILITIES	**13,164,417.32**	**13,247,072.74**	**13,026,389.10**



Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Profit or Loss

From 1st Shrawan 2082 to 31st Ashwin 2082 (Corresponding 17th July 2025 to 17th Oct 2025)

(Figures in '000')

Particulars	This Quarter Ended 2082.06.31 (2025.10.17)	Previous Quarter Year Ended 2082.03.32 (2025.07.16)	Corresponding Quarter Ended 2081.06.30 (2024.10.16)
Revenue			
Sales of Electricity	557,938.68	874,900.47	63,441.16
Cost of Sales			
Direct Costs	(41,889.28)	(129,527.87)	(12,927.77)
Royalty	(13,333.15)	(24,407.16)	(1,720.09)
Gross Profit	**502,716.25**	**720,965.44**	**48,793.30**
Employee Benefits (Corporate)	(5,663.29)	(18,840.86)	(5,371.80)
Operating and Administrative Expenses (Corporate)	(8,398.74)	(26,533.75)	(4,074.36)
Depreciation and Amortization	(146,635.13)	(387,478.24)	(36,346.31)
Depreciation ROU	(181.84)	-	-
Profit From Operation	**341,837.25**	**288,112.59**	**3,000.83**
Other Income	116.63	6,596.67	10.74
Finance Income	590.96	1,428.58	404.97
Finance Cost	(188,669.89)	(572,338.03)	(57,496.35)
Exchange Gain / (loss)	2,080.99	(3,179.54)	(892.67)
Profit Before Bonus and Tax	**155,955.94**	**(279,379.73)**	**(54,972.48)**
Provision for Bonus	(3,119.12)		-
Net Profit	**152,836.82**	**(279,379.74)**	**(54,972.48)**



अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन ।

१. **वित्तिय विवरण :**

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तिय सूचकहरू:**

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु १६.८० (वार्षिकिकरण गरिएको), प्रतिशेयर नेटवर्थ रु ८५.५४, प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३६०.६७, तरलता अनुपात ०.५९, र मुल्य आम्दानी अनुपात १६.१२ रहेको छ ।

यस त्रैमासिक अवधिमा दुवै आयोजनाहरु, सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) र सान्जेन माथिल्लो जलविद्युत आयोजनाबाट नियमित रुपमा विद्युत उत्पादन भइरहको र नियमित रुपमा विद्युत बिक्री आम्दानी भइरहेको छ । नेपाल विद्युत प्राधिकरणबाट निर्माण भएको चिलिमे–त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न भएकोले दुवै आयोजनाबाट उत्पादित विद्युत शक्ति सोही प्रशारण लाइनबाट प्रवाह भइरहेको छ । यस आ व को असोज मसान्तसम्म दुवै आयोजनाबाट विद्युत आम्दानी उल्लेखनीय रुपमा बढेकोले वित्तिय सूचकहरु सोही बमोजिम प्रस्तुत भएका छन् ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे वा) को Commercial Operation (COD) अक्टोबर ०८, २०२३ मा भएको र सोही मितिबाट लट २ र लट ४ कार्यको Taking Over Certificate (TOC) दिई full testing and commissioning पश्चात Defect Notification Period (DNP) मिति डिसेम्बर ३०, २०२४ देखि समाप्त भएको छ भने लट ३ कार्यको निर्धारित चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न नभएकोले December 09, 2024 देखि मात्र Defect Notification Period शुरु भएको छ । गत आ व मा कुल विद्युत बिक्री रकम रु ८७ करोड ४९ लाख भएको छ । यस आ व को यस त्रैमासिक अवधिमा रु ५५ करोड ७९ लाख ३८ हजार बराबरको विद्युत बिक्री भएको छ ।

(ख)सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को को Commercial Operation (COD) डिसेम्बर १६, २०२४ मा भएको र सोही मितिबाट लट २ सिभिल, लट ३ इलेक्ट्रोमेकानिकल र लट ४ हाइड्रोमेकानिकल कार्यको TOC दिइ Defect Notification Period सोही मिति डिसेम्बर १६, २०२४ देखि शुरु भएको छ ।

(घ) Electricity sales र Receivables मा गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट उत्पादित विद्युत शक्ति वैकल्पिक प्रशारण लाइनबाट सिमित बिक्री गरिएको र अर्धवार्षिक अवधि मात्र पुर्ण रुपमा बिक्री गरिएको मासिक बिलको बिक्री र प्राप्य रकम मात्र देखाइएकोमा यस आ.व. मा दुईवटै केन्द्रको पुर्ण क्षमताको प्रशारण लाइन मार्फत भएको विद्युत बिक्री मासिक बिल समावेश भएकोले विद्युत बिक्री रकम र प्राप्य रकममा उल्लेख्य मात्रामा वृद्धि हुन गएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO.LTD. ESTD2018

(ङ) गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट मात्र उत्पादन भएको र उक्त आयोजनाको विद्युत समेत वैकल्पिक ११ के भि प्रशारणलाइनबाट सिमित विद्युत बिक्री गरिएकोमा मिति २०८१/०९/०१ देखि दुबै केन्द्रबाट विद्युत शक्ति व्यापारिक उत्पादन भै आपूर्ति गरिएको र वर्षायाममा खोलाको बहाव पर्याप्त रहेकोले सो आयलाई बिक्री शिर्षकमा लेखांकन हुँदा पनि यस शिर्षकको रकममा उल्लेख्य वृद्धि हुन गएको छ ।

(च) आयोजनाहरु पूँजिकरण भइसकेकोले व्याज खर्चलाई नाफा/(नोक्सान) हिसाबमा समावेश गरिएकोले व्याज खर्चमा केही वृद्धि हुन गएको छ ।

(छ) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्ब २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्ब २१ करोड ८० लाख गरी कुल रु. ७ अर्ब २४ करोड २२ लाख (वैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । तर आयोजना निर्माणको चरणमा भुकम्प, नाकाबन्दी, कोरोना, बाढी पहिरो, कानुनी झंझट लगायतका विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको व्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन जस्ता कारणबाट आयोजना लागत पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

(ज) आयोजना निर्माणका लागि ऋण सम्झौता बमोजिम लिइएको ऋण तथा व्याजको पहिलो किस्ता मिति २०८१ चैत्र मसान्त देखि फिर्ता भुक्तानी शुरु गरि तेश्रो किस्ता सहित हालसम्म रु १ अर्ब २ करोड ६६ लाख श्री कर्मचारी सञ्चय कोषलाई भुक्तानी गरिएको छ ।

३.कानुनी कारवाही सम्बन्धी विवरण :

यस सम्बन्धमा कुनै कैफियत नभएको ।

४ संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोबार सम्बन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३४२/८०	२६७/००	२७०/७०	५१	८५३०

५ समस्या र चुनौती :

आयोजना निर्माणको चरणमा विभिन्न बाधा अवरोध आइपरेको हुंदा यसको असर आयोजना लागतमा देखिएको छ । फलतः कर्मचारी सञ्चय कोषबाट सांवा रकम थप गर्नु पर्नाका साथै व्याज पूंजीकरण हुदै जाँदा निर्माण लागत मध्यको ऋण पूंजीको आकार वृद्धि हुदै गएको छ । यस्तो पूंजीकृत ऋण रकम साथै व्याज समेतको किस्ता भुक्तानी गर्नुपर्ने साथै शेयरधनीहरुलाइ प्रतिफल समेत दिनुपर्ने भएकोले वित्तिय व्यवस्थापन गर्नु कम्पनीको लागि मुख्य चुनौतिको रुपमा देखिएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि.
ESTD2010
SANJEN JALAVIDHYUT CO.LTD.

उल्लेखित समस्यालाई केही हदसम्म सम्बोधन गर्ने प्रयास स्वरुप कर्जा रिपेमेन्ट अवधि र ब्याजदरलाई समय सापेक्ष पूनरावलोकन गरिदिन कर्मचारी सञ्चय कोषलाइ अनुरोध गरिएकोमा ऋणको ब्याजदर ७.५० प्रतिशत कायम भएको छ । हाल कर्जा भुक्तानी अवधि पूर्व सम्झौता बमोजिम नै १० वर्ष कायम गरी ४० किस्तामा ऋण भुक्तानी गर्ने योजना बमोजिम पहिलो किस्ता साँवा र ब्याज २०८१ चैत्रबाट शुरु भैसकेको छ ।

६.संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने समेत गरिएको छ । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरीभिजनको लागि छुट्टै परामर्शदाताको निर्युक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मको लागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको छ । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ ।

७. अन्य:

(क) कर्मचारी सञ्चय कोषबाट दीर्घकालिन ऋणपूँजी लगानी भएको छ । उक्त कर्जाको परिमार्जित वार्षिक ब्याज दर हाल ७.५० प्रतिशत रहेको छ । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म ब्याज पूँजीकरण हुँदै आएकोमा दुवै आयोजनाहरुबाट व्यापारिक उत्पादन शुरु भएकोले सोही अवधिदेखि लागू हुने गरी कायम भएको ब्याजलाई नाफा नोक्सान खातामा समावेश गरिएको छ । कम्पनीको अल्पकालिन वित्तिय व्यवस्थापन स्वरुप यस कम्पनीको मुख्य लगानीकर्ता श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. ६८ करोड र एन आइ एम वि बैक लि बाट रु १७ करोड अल्पकालिन सापटी/ऋण स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ । नगद प्रवाहको अवस्थालाइ समेत विचार गरी क्रमश उक्त ऋण भुक्तानी गर्ने योजना रहेको छ । जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत बासलातमा देखाइएको छ ।

विगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भुकम्प, बाढी पहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतीमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ, कोभिड-१९ लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुन ढिलाइ भएतापनि हाल दुवै आयोजनाहरु सम्पन्न भइ नियमित रुपमा सञ्चालनमा रहेका छन्।

उल्लेखित जलविद्युत आयोजनाहरुबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री हुँदै आएको छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिक खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको ब्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने ब्याज भुक्तानी गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO.LTD. ESTD2019

आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । दुवै जलविद्युत आयोजनाबाट व्यापारिक उत्पादन शुरु भइसकेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइने छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने ।

७ प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनि विश्वास लिएको छु । लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

अनुसूची— १६
(नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरु:

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन।

३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन।

४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/विक्री सम्बन्धी विवरण – छैन।

५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन।

६ व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण – छैन।

७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन।

८ लेखापरीक्षक परिवर्तन भएमा

आ.व.२०८१/८२ का लागि श्री महालेखापरीक्षकको कार्यालयको सिफारिस वमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट चार्टर्ड एकाउन्टेन्ट श्री सुरेन्द्र वहादुर के. सी. लाई कम्पनीको वैधानिक लेखापरिक्षकको नियुक्त भई लेखापरिक्षण कार्य भईरहेको।

९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा – छैन।

१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।

११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन

१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।

१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा –। छैन

१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।

१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन

१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा –छैन।

१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।

१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– यस भन्दा अगाडि प्रकाशित विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।

१९ ठेगाना परिवर्तन भएमा – छैन।

२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।

२१ नामसारी दाखिल खारेज बन्द – छैन।

२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – छैन।

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – सम्पूर्ण शेयर पूँजी संकलन भएको हुँदा सञ्चालकहरुको निर्वाचन गर्नु पर्ने हुँदा निर्वाचनका लागी तय गरिएको मिति २०८० चैत्र ५ गतेको १३ औ साधारण सभा स्थानीय रसुवावासीको माग र उच्च अदालत पाटनमा परेको रिटका कारण स्थगित गरिएकोले उक्त साधारण सभा चाडै सम्पन्न गरिनेछ।

२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – छैन।

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO.LTD. ESTD2018